मिर्चैया नगरपालिकाको कर्मचारी तह वृद्धि /स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

कार्यपालिकाबाट स्वीकृत मिति :- २०८१।०८।०४

**प्रस्तावना**: मधेस प्रदेश सरकारबाट जारी गरिएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ मा र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) बमोजिम मिर्चैया नगरपालिका , नगरकार्यपालिकाले स्थानीय सेवामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि /स्तर वृद्धिसम्बन्धी कामकाजलाई व्यवस्थित गर्न वाञ्छनीय भएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा १५४ ले दिएको अधिकार प्रयोग गरी मिर्चैया नगरपालिकाको कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम "मिर्चैया नगरपालिकाको कर्मचारी तह वृद्धि /स्तर वृद्धिसम्बन्धी कार्यविधि, २०८१ हुनेछ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि लागु हुनेछ

२ . **परिभाषा** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

(क) "ऐन" भन्नाले मधेस प्रदेश सभाबाट स्वीकृत स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ लाई सम्झनु पर्दछ।

(ख) "कार्यविधि" भन्नाले मिर्चैया नगरपालिकाको कर्मचारी तह वृद्धि /स्तर वृद्धिसम्बन्धी कार्यविधि, २०८१ लाई सम्झनु पर्दछ।

(ग) "नगरपालिका" भन्नाले मिर्चैया नगरपालिकालाई सम्झनु पर्दछ

। घ) "कार्यपालिका" भन्नाले मिर्चैया नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ। (

(ङ) "कार्यालय" भन्नाले मिर्चैया नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मिर्चैया नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(छ) "कर्मचारी" भन्नाले मिर्चैया नगरपालिका अन्तर्गतको सेवाको पदमा बहाल रहेका स्थायी कर्मचारी सम्झनु पर्दछ । सो शब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम नगरपालिकामा समायोजन भएका कर्मचारी समेतलाई सम्झनु पर्दछ।

(ज) "तह वृद्धि" भन्नाले ऐनको दफा २८ बमोजिम गरिने तह वृद्धि /स्तर वृद्धि सम्झनु पर्दछ।

(झ) "तह मिलान" भन्नाले ऐनको दफा ८ को उपदफा (२२) बमोजिम गरिने तह मिलान सम्झनु पर्दछ।

(ट) "सिफारिस समिति" भन्नाले कार्यविधिको दफा ५ बमोजिमको तह वृद्धि /स्तर वृद्धि समितिलाई सम्झनु पर्दछ ।

(ठ) "सुशासन तथा क्षमता विकास समिति" भन्नाले मिर्चैया नगरपालिका नगरकार्यपालिकाले गठन गरेको सुशासन तथा संस्थागत क्षमता विकास समितिलाई सम्झनु पर्छ।

(ड) "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेस प्रदेशको लोक सेवा आयोग जनकपुरधामलाई सम्झनु पर्दछ।

(ढ) "मन्त्रालय" भन्नाले मधेस प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमधेस प्रदेश जनकपुरधामलाई सम्झनु पर्दछ।

(ण) "प्रदेश किताबखाना" भन्नाले प्रदेश किताबखाना, मधेस प्रदेश, जनकपुरधाम ,धनुषा सम्झनु पर्दछ।

**३. सूचना प्रकाशन गर्ने** : (१) कार्यालयले तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको लागि आवेदन पेस गर्न हरेक वर्षको जेठ मसान्त र मङ्सिर मसान्तमा तीस दिनको म्याद राखी कार्यालयको वेबसाइट तथा सूचना पाटीमा सार्वजनिक सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यविधि स्वीकृत भएको वर्षको लागि पहिलो पटकको सूचना कार्यविधि स्वीकृत भएको मितिले ३० दिनको म्याद राखी प्रकाशन गर्नु पर्नेछ।

**४. निवेदन दिनु पर्ने** कार्यविधिको दफा ३ बमोजिम प्रकाशित सूचना अनुसार पछिल्लो तीन वर्षमा कार्यसम्पादन मूल्याङ्कन फाराम बुझाएको कार्यालय स्पष्ट खुलाई निम्न बमोजिमको कागजात संलग्न राखी तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको लागि अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनुपर्ने छ।

(क) स्थायी नियुक्ति तथा बढुवा नियुक्ति पत्रको प्रतिलिपि,

(ख) समायोजन वा समायोजन मिलान पत्रको प्रतिलिपि,

(ग) विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको, तह वृद्धि /स्तर वृद्धि रोक्का नभएको, तलब वृद्धि रोक्का नभएको, विगत ३ वर्षभित्र सेवा परिवर्तन नगरेको, हाल असाधारण बिदा, वा अध्ययन बिदामा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(घ) पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)

(ङ) माथिल्लो तहको लागि आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

**५. सिफारिस समितिः** ऐनको दफा २८ बमोजिम तह वृद्धि /स्तर वृद्धिको लागि ३ सदस्यीय तह वृद्धि /स्तर वृद्धि सिफारिस समिति देहाय बमोजिमको हुनेछः

| | |
|---|---|
| (क) प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| (ख) अधिकृतस्तरको महिला कर्मचारी | -सदस्य |
| (ग) अधिकृतस्तरको वरिष्ठ कर्मचारी | -सदस्य |
| (घ) प्रशासन शाखा प्रमुख | -सदस्य-सचिब |

**६. सिफारिस समितिको काम कर्तव्य र अधिकार** : (१) दफा ५ बमोजिमको सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको प्रयोजनको कार्य सम्पादनको लागि कार्यतालिका निर्धारण गर्ने,

।ख) तह वृद्धि तह वृद्धि /स्तर वृद्धिका लागि पेश भएका कागजातहरूको अध्ययन तथा विश्लेषण गर्ने,

(ग) न्यूनतम मापदण्ड पूरा गरेका कर्मचारीहरुको तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको लागि कार्यालयलाई सिफारिस गर्ने र नगर कार्यपालिकाको बैठकमा जानकारी गराउने,

(घ) सिफारिस समितिलाई तह वृद्धि /स्तर वृद्धिसम्बन्धी निर्णय लिन कुनै दुबिधा उत्पन्न भएमा सो सम्बन्धमा प्रदेश लोकसेवा आयोगमा अनुरोध गर्ने,

(ङ) सुशासन तथा क्षमता विकास समितिसँग परामर्श गर्ने।

**७. तह वृद्धि /स्तर वृद्धि सम्बन्धी व्यवस्थाः** (१) पाँचौ तहबाट छैटौं तह, सातौं तहबाट आठौं, नबौ तहबाट दसौ तहमा तहवृद्धि गर्दा तह वृद्धि /स्तर वृद्धिहुने पदभन्दा एक तह मुनिको पदमा ऐन बमोजिम सेवा अवधि पुरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्याङ्कनमा औसत अस्सी प्रतिशत अङ्क वा तोकिएको अंक प्राप्त गरेका र देहाय बमोजिमको न्यूनतम शैक्षिक योग्यता पुगेको कर्मचारीलाई सम्बन्धित सेवा, समूह वा तह र उपसमूहमा तह वृद्धि /स्तर वृद्धि गरिनेछ।

| क्र.स. | हालको तह | तह बृधि हुने पद | न्यूनतम शैक्षिक योग्यता<br>स्वास्थ्य सेवा बाहेकका अन्य सेवा |
|---|---|---|---|
| १ | पाँचौ | छैटौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रविणता प्रमाण तह वा कक्षा १२ उत्तीर्ण गरेको |
| २ | सातौं | आठौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको |
| ३. | नबौ | दसौ | सेवा समूहसँग सम्बन्धित विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको |

(२) स्थानीय स्वास्थ्य सेवाका देहायका तहमा देहाय बमोजिम स्तरवृद्धि गरिनेछः

| क्र.सं | हालको तह | स्तरवृद्धि हुने तह | सम्बन्धित तहमा सेवा गर्नु अवधि | पछिल्लो दुइ आर्थिक बर्षको कार्य सम्पादन मूल्याङ्कन प्राप्त गर्नु पर्ने अंक |
|---|---|---|---|---|
| १. | चौथो | पाँचौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| २. | पाँचौः<br>(क) शुरू नियुक्ति भएका वा पाँचौं तहमा स्तरवृद्धि भई सो तहको लागि न्यूनतम शैक्षिक योग्यता पूरा भएका<br>ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षाद्वारा बढुवा भए वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि न्यून्तम शैक्षिक योग्यता नभएका । | छैठौ<br>छैठौं | पाँच वर्ष<br>पाँच वर्ष | कम्तिमा उत्तम<br>कम्तिमा उत्तम |
| ३. | छैठौं<br>क) छैठौ तहमा लोक सेवा आयोगको प्रक्रिया पूरा गरी नियुक्त भएका<br>ख) छैठौ तहमा स्तरवृद्धि भएका मध्ये बरिष्ठ पाँचौ तहमा तह मिलान भएका<br>(ग) छैठौं तहमा स्तरवृद्धि भएका मध्ये पाँचौ तहमा शुरू नियुक्ति भएका | सातौ<br>सातौ<br>सातौ | स्वतः<br>पाँच वर्ष<br>पाँच वर्ष | <br>कम्तिमा उत्तम<br>कम्तिमा उत्तम |
| ४. | सातौं<br>(क) मेडिकल अधिकृत, डेण्टल अधिकृत, आयुर्वेद चिकित्सक, एकिकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत<br>(ख) खण्ड (क) बाहेकका छैठौं तहमा शुरू नियुक्ति भई सातौ तहको पदमा स्तरवृद्धि भएका र सातौ तहमा शुरू नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु | आठौं<br>आठौं | स्वतः<br>तिन बर्ष | <br>कम्तिमा उत्तम |

| | | | | |
|---|---|---|---|---|
| ५. | नबौ | दसौ | दुइ बर्ष | कम्तिमा उत्तम |

तर कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएको स्वास्थ्य सेवाका कर्मचारीले यसै ऐन बमोजिम बढुवा पाइसकेपछि उपदफा (२) बमोजिम मात्र स्तरवृद्धि हुनेछ ।

(३) कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन भएका स्वास्थ्य सेवाका कर्मचारीले ऐन अनुसार स्तरवृद्धि हुन तह बृधि र स्तरवृद्धि समिति समक्ष निवेदन दिएमा निज कर्मचारीको स्तरवृद्धि उपदफा (२) बमोजिम गरिनेछ ।

(२) स्थानीय तहको चौथो र पाँचौ तहमा तथा सातौं र नवौं तहको पदमा समान पदमा समायोजन भई सोही पदमा कार्यरत रहेका हालसम्म तह वृद्धि /स्तर वृद्धिनभएका कर्मचारीहरु सम्बन्धित पदमा ऐन जारी हुँदासम्म तीन वर्ष सेवा अवधि पुरा भएमा स्वतः एक तह वृद्धि /स्तर वृद्धि गरिनेछ। निजहरु जुनसुकै ब्यहोराले अवकाश भएमा सो पद स्वतः खारेज भई तल्लो पदमा पदपूर्ति गरिनेछ।

**८. तह वृद्धि /स्तर वृद्धि सम्बन्धी विशेष व्यवस्थाः** (१) अन्य स्थानीय तहमा कामकाजमा खटिएका तर यस नगरपालिकामा पदाधिकार रहेका कर्मचारीले अन्य स्थानीय तहमा कामकाजमा नै रहँदा निवेदन गरेमा तह वृद्धि /स्तर वृद्धि गरिनेछ ।

(२) दफा ७ बमोजिम तह वृद्धि /स्तर वृद्धि हुँदा सो पद स्वतः माथिल्लो तहको पदमा कायम हुनेछ र त्यसरी तह वृद्धि /स्तर वृद्धिभएको कर्मचारी जुनसुकै कारणले सो पदमा नरहेमा त्यस्तो पद साबिककै तहमा कायम हुनेछ।

(३) दफा ४ बमोजिम निवेदन दिएका कर्मचारीहरुको तह वृद्धि /स्तर वृद्धिको लागि दरखास्त दिने म्याद सकिएको ७ (सात) दिनभित्र कार्यविधिको दफा ५ बमोजिमको समितिले तह वृद्धि /स्तर वृद्धिको लागि सिफारिस गरि सक्नुपर्नेछ र सो सिफारिस प्राप्त भएको ७ (सात) दिनभित्र निर्णय गरी अनुसूची-२ बमोजिमको ढाँचामा नियमानुसार तहवृद्धि /स्तर वृद्धिको पत्र दिनुपर्ने छ। ऐन तथा कार्यविधिमा भएको व्यवस्था अनुसार स्वतः तहवृद्धि हुने कर्मचारीहरुलाइ समेत सोही बमोजिमको ढाँचामा तहवृद्धि /स्तर वृद्धिको पत्र दिनुपर्ने छ।

९. **जेष्ठता कायम र जेष्ठता गणना सम्बन्धी व्यवस्थाः** (१) तह वृद्धि /स्तर वृद्धिको प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तह वृद्धि /स्तर वृद्धिभएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अधिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिबाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसकिएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याइनेछ।

(३) लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको सिफारिसमा नियुक्ति भएका र छैठौं तहमा नियुक्ति भई सातौं तहमा तह मिलान भएका र चौथो तहका सहायक कम्प्युटर अपरेटर पदबाट पाँचौ तहको कम्प्युटर अपरेटर पदमा स्वतः बढुवा भएका कर्मचारीको जेष्ठता नियुक्ति मितिदेखि नै गणना गरिनेछ।

(४) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तह वृद्धि /स्तर वृद्धि गर्दा ऐन जारी भएपछि तह वृद्धि /स्तर वृद्धिको लागि सबै योग्यता पुरा गरेको मितिबाट नै जेष्ठता कायम हुने गरी तह वृद्धि /स्तर वृद्धि गरिनेछ।

**१०. तह वृद्धि /स्तर वृद्धि गर्न नहुनेः** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको कर्मचारी देहायको अवस्थामा देहायको अवधिभर **तह वृद्धि**को लागि सम्भाव्य उम्मेदवार हुन पाउने छैन र उक्त अवधिभर निजको तह वृद्धि /स्तर वृद्धिसमेत रोक्का राखिने छ :

(क) निलम्बन भएकोमा निलम्बन भएको अवधिभर,

(ख) तह वृद्धि /स्तर वृद्धिरोक्का भएकोमा तह वृद्धि /स्तर वृद्धि रोक्का भएको अवधिभर,

(ग) तलव वृद्धि रोक्का भएकोमा तलव वृद्धि रोक्का भएको अवधिभर,

(घ) असाधारण बिदा वा अध्ययन बिदामा बसेकोमा सो बिदाको अवधिभर,

(ङ) सेवा वा समूह परिवर्तन गरेको भए सेवा वा समूह परिवर्तन भएको मितिले ३ तीन वर्षको अवधिभर,

(च) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धी व्यवसायिक परिषदमा नाम दर्ता निलम्बन भएको भए त्यस्तो निलम्बनको अवधिभर।

(२) कुनै कर्मचारी तह वृद्धि /स्तर वृद्धिभई त्यस्तो तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको नियुक्ति लिन नपाउँदै निलम्बन वा बढुवा रोक्का वा तलब रोक्का भएमा सो अवधिभर निजको तह वृद्धि /स्तर वृद्धिको नियुक्ति रोक्का राखिनेछ।

(३) उपदफा (२) बमोजिम नियुक्ति रोक्का भएको कुनै कर्मचारीको निलम्बन फुकुवा भएमा वा निलम्बन वा रोक्का अवधि समाप्त भएपछि निजलाई तह वृद्धि /स्तर वृद्धि भएको मिति देखि जेष्ठता कायम हुने गरी तह वृद्धि /स्तर वृद्धि मा नियुक्ति दिइनेछ।

**११. तह वृद्धि** /स्तर वृद्धि**को नियुक्ति भएका कर्मचारीको सेवा सुविधाः** (१) **तह वृद्धि** /स्तर वृद्धिको नियुक्ति भएका कर्मचारीले तह वृद्धि /स्तर वृद्धिभएको पदमा प्रचलित कानून बमोजिम तलब भत्ता प्राप्त गर्नेछ।

(२) तह वृद्धि /स्तर वृद्धिको नियुक्ति भएका कर्मचारीले खाईपाई आएको तलब भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ।

(३) तह वृद्धिको नियुक्ति भएका कर्मचारी सेवा निवृत्त हुँदा प्राप्त गर्ने सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ।

**१२. सार्वजनिक गर्नेः** तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको नियुक्ति भएका कर्मचारीहरुको विवरण कार्यालयले अनिवार्य आफ्नो सूचना पाटी र वेबसाइटमा राख्नुपर्नेछ।

**१३. सचिवालयः** तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको नियुक्ति सम्बन्धी कार्य गर्न कार्यालयको प्रशासन शाखाले सचिवालयको कार्य गर्नेछ।

**१४. जानकारी दिनु पर्नेः** यस कार्यविधि बमोजिम गरिएको तह वृद्धि /स्तर वृद्धिको जानकारी निर्णय भएको मितिले १५ (पन्ध्र) दिनभित्र मन्त्रालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ।

**१५. उजुरी / गुनासो** : तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा तह वृद्धि /स्तर वृद्धिको निर्णयको सूचना प्रकाशन भएको मितिले पन्ध्र दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/गुनासो गर्न सकिनेछ।

**१६. प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि बमोजिम र अन्य विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

**१७. बाधा अडकाउ फुकाउनेः** यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ उत्पन्न भएमा बाधा अड्काउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा नगर कार्यपालिकामा रहनेछ।

**१८. संशोधनः** यस कार्यविधिमा थपघट गर्ने अधिकार स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ र प्रचलित कानूनको अधीनमा रही नगर कार्यपालिकाको हुनेछ।

**१९. खारेजी र बचाउः** मिर्चैया नगरपालिका को स्थानीय सेवाका कर्मचारीहरूको तहवृद्धि /स्तर वृद्धि सम्बन्धी भए गरेका सम्पूर्ण कार्यहरु यसै कार्यविधि बमोजिम भएको मानिने छ

अनुसूची- १

(कार्यविधिको दफा ४ सँग सम्बन्धित) तह वृद्धि तह वृद्धि /स्तर वृद्धिको लागि दिइने आवेदनको ढाँचा

मिति:

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
मिर्चैया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
मिर्चैया,सिरहा

विषय : तह वृद्धि /स्तर वृद्धि गरि पाउँ।

प्रस्तुत विषयमा मधेस प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ बमोजिम मिर्चैया नगरपालिका को कर्मचारी तह वृद्धि /स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१ अनुसार तह वृद्धि /स्तर वृद्धिका लागि आवेदन पेश गर्न मिति ................................मा प्रकाशित सूचना अनुसार म मिर्चैया नगरपालिका मा स्थायी नियुक्ति भई। कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम निजामति । अन्य सेवाबाट तपसिल बमोजिम समायोजन भई न्यूनतम सेवा अवधि समेत पूरा गरेकोले कार्यविधिको दफा ७/८ बमोजिम तह वृद्धि /स्तर वृद्धि गरिदिनुहुन निम्नानुसार कागजात सहित यो निवेदन पेश गरेको छु।

| नियुक्ति वा समायोजन पूर्वको विवरण | समायोजन हुँदाको विवरण |
|---|---|
| पद: | पद: |
| स्तर: | स्तर: |
| सेवा / समूह/उपसमूह: | सेवा / समूह/उपसमूह: |
| कार्यालय | कार्यालय |
| सुरु नियुक्ति मिति : | समायोजन भएको मिति |

पछिल्लो ३ वर्षको का.स.मू. फाराम बुझाएको कार्यालयहरुः

| क्र.स | आ.व. | कार्यालयको नाम | कैफियत |
|---|---|---|---|
| १ | | | |
| २ | | | |
| ३ | | | |

सलग्न कागजातहरु :

१. स्थायी नियुक्ति तथा बढुवा नियुक्ति पत्रको प्रतिलिपि,
२. समायोजन, समायोजन मिलान तथा सरुवा पत्रको प्रतिलिपि
३. विभागीय सजाय न पाएको, निलम्बनमा नरहेको, तह वृद्धि /स्तर वृद्धि रोक्का नभएको, तलब वृद्धि रोक्का नभएको, विगत ३ वर्षभित्र सेवा परिवर्तन नगरेको, हाल असाधारण बिदा वा अध्ययन बिदामा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
४. पेशा सम्बन्धी व्यवसायी परिषदले उपलब्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा)
५. माथिल्लो तहको लागि आवश्यक शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (आवश्यक भएमा)

निवेदक
नाम, थर :
पद:
कर्मचारी सकेत न
मोबाइल न.:
सही :

अनुसूची - २

(कार्यविधिको दफा १० सँग सम्बन्धित)

तह वृद्धि /स्तर वृद्धिपत्रको ढाँचा

मिति:

श्री.... .........................

मिर्चैया नगरपालिका , नगर कार्यपालिकाको कार्यालय,

मिर्चैया,सिरहा ।

विषय : तह वृद्धि /स्तर वृद्धि गरिएको।

महाशय,

मधेस प्रदेश, स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ तथा मिर्चैया नगरपालिका को कर्मचारी तह वृद्धि /स्तर वृद्धिसम्बन्धी कार्यविधि, २०८१ बमोजिम मिति............................ गते देखि ज्येष्ठता कायम हुने गरी स्थानीय सरकारी सेवामा तपसिल बमोजिम तह वृद्धि /स्तर वृद्धि गरिएको छ।

**तह वृद्धि /स्तर वृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना।**

तपसिल :

| साबिकको | तह वृद्धि /स्तर वृद्धिगरिएको |
|---|---|
| पद: | पद: |
| सेवा / समूह/उपसमूह : | सेवा / समूह/उपसमूह : |
| तह: | तह: |
| कार्यालय : | कार्यालय : |

बोधार्थ:

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काठमाण्डौं।

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, मधेस प्रदेश, जनकपुरधाम।

श्री राष्ट्रिय किताबखाना (निजामती) पुल्चोक, ललितपुर।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम ।

श्री प्रदेश किताबखाना, जनकपुरधाम मधेशप्रदेश ।

श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, सिरहा ।

श्री कर्मचारी सञ्चयकोष, काठमाण्डौं।

श्री आर्थिक प्रशासन शाखा, मिर्चैया नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मिर्चैया सिरहा ।